# <u>प्रहरी निरीक्षक (जनपद) पदको लिखित परीक्षा केन्द्र निर्धारण गरिएको सम्बन्धी सूचना</u> ! ! !

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

नेपाल प्रहरीमा **जनपद** समूह तर्फ रिक्त **प्रहरी निरीक्षक** पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान बमोजिम पदपूर्ति गर्न नेपाल प्रहरी प्रधान कार्यालयबाट मिति २०८०/०७/०३ गते प्रकाशित विज्ञापन अनुसार **विस्तृत स्वास्थ्य परीक्षणमा** उत्तीर्ण भएका उम्मेदवारहरूको **<u>लोक सेवा आयोगद्वारा निम्नानुसारको परीक्षा केन्द्रहरूमा मिति २०८०/११/१५ गतेदेखि मिति २०८०/११/१७ गतेसम्म लिखित परीक्षा सञ्चालन</u>** हुने व्यहोरा सम्बन्धित सम्पूर्ण उम्मेदवारहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

साथै लिखित परीक्षामा सहभागी हुने उम्मेदवारहरूले **<u>प्रवेश-पत्र</u>** सँगै आफ्नो **<u>सक्कलै नागरिकताको प्रमाण-पत्र</u>** वा **<u>नेपाल सरकारबाट जारी भएको फोटो सहितको कुनै परिचय-पत्र</u>** अनिवार्य रूपमा साथमा लिई परीक्षा शुरू हुनु भन्दा कम्तीमा **<u>१ घण्टा</u>** अगावै तोकिएको स्थानमा उपस्थित हुनु हुन समेत जानकारीको लागि सूचित गरिन्छ।

**<u>निम्न</u>:-**

लोक सेवा आयोग
## सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा
### परीक्षा संचालन शाखा

# प्रहरी निरीक्षक पदको परीक्षा केन्द्र निर्धारण गरिएको सम्बन्धी सूचना

| निकायः | श्री नेपाल प्रहरी | विज्ञापन प्रकाशित मितिः | २०८०/०७/०३ | लि.प. कार्यक्रम प्रकाशित मितिः | २०८०/१०/१६ | परीक्षा केन्द्र निर्धारण मिति : | २०८०/१०/२४ |
|---|---|---|---|---|---|---|---|

**नेपाल प्रहरी**को पूर्व प्रकाशित विज्ञापन अनुसार प्रहरी निरीक्षक पदको खुला तथा समावेशी तर्फको प्रतियोगितात्मक लिखित परीक्षाको परीक्षा केन्द्र देहाय बमोजिम निर्धारण गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/ तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | | | देखि | सम्म |
| १ | ०१ (०८०/८१) | खुला तथा समावेशी | प्रहरी निरीक्षक | २०८० फागुन १५ गते दिनको २:०० बजे (५० मिनेट) | २०८० फागुन १६ गते दिनको २:०० बजे (३ घण्टा) | २०८० फागुन १७ गते दिनको २:०० बजे (२ घण्टा १५ मिनेट) | २०८० फागुन १७ गते दिनको ४:२५ बजे (४५ मिनेट मिनेट) | २०० | श्री मनमोहन मेमोरियल कलेज, बालाजु (जनमैत्री अस्ताल सँगै) | १-१<br>२-१<br>३-४ | १-१६४<br>२-१७७<br>३-८५ |
| | | | | | | | | ४०० | श्री मनमोहन मेमोरियल कलेज, सोह्रखुट्टे | ३-८७<br>४-१<br>५-१ | ३-४०८<br>४-१६१<br>५-१४१ |
| | | | | | | | | २०० | श्री लिङ्कन कलेज, सामाखुशी | ५-१४३<br>६-५<br>७-२<br>८-२ | ५-२१३<br>६-८२<br>७-११२<br>८-३३ |
| | | | | | | | | २०० | श्री टंगाल मा.वि. टंगाल | ८-३५ | ८-२७४ |
| | | | | | | | | २०० | श्री कलेज अफ बिजिनेश मेनेजमेण्ट (CBM), चारखाल, डिल्लीबजार । | ८-२७५ | ८-५२४ |
| | | | | | | | | २०० | श्री लिबर्टी कलेज, हनुमानस्थान मार्ग, अनामनगर । | ८-५२५ | ८-७८५ |

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद, सेवा, समूह/उपसमूह/तह | परीक्षा मिति र समय | | | | उम्मेदवार संख्या | परीक्षा केन्द्र | रोल नं. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | | | | | |
| | | | | सामान्य ज्ञान तथा बौद्धिक परीक्षण | अंग्रेजी तथा नेपाली भाषा | पेशागत सैद्धान्तिक ज्ञान | पेशागत व्यवहारिक परीक्षण | | | देखि | सम्म |
| १ | ०१ (०८०/८१) | खुला तथा समावेशी | प्रहरी निरीक्षक | २०८० फागुन १५ गते दिनको २:०० बजे (५० मिनेट) | २०८० फागुन १६ गते दिनको २:०० बजे (३ घण्टा) | २०८० फागुन १७ गते दिनको २:०० बजे (२ घण्टा १५ मिनेट) | २०८० फागुन १७ गते दिनको ४:२५ बजे (४५ मिनेट मिनेट) | २०० | श्री स्वप्न वाटिका (SV) एकेडेमी, बुद्धनगर | ८-७८७ | ८-१०९८ |
| | | | | | | | | १६५ | श्री लोक सेवा आयोग, अनामनगर | ८-१०९९ | ८-१३९० |

**द्रष्टब्यः**

१. उम्मेदवारले उत्तरपुस्तिकामा **कालो मसी भएको डटपेन/कलम** मात्र प्रयोग गर्नुपर्नेछ ।

२. प्रवेश पत्र विना कुनै पनि उम्मेदवारलाई परीक्षामा सम्मिलित नगराइने हुँदा **प्रवेशपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै** परीक्षा भवनमा आइपुग्नुपर्नेछ ।

३. परीक्षा भवनमा **झोला, मोबाइल फोन तथा अन्य इलोक्ट्रोनिक्स डिभाइसहरु लैजान निषेध** गरिएको छ ।

४. परीक्षा संचालन हुने दिन अप्रत्याशित विदा पर्न गएमा पनि **आयोगको पूर्व सूचना विना निर्धारित परीक्षा कार्यक्रम** स्थगित हुने छैन ।

५. वस्तुगत बहुउत्तर (Multiple Choice) प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठुलो अक्षर (Capital Letter)मा **A, B, C, D** लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

६. परीक्षामा सम्बन्धित निकायबाट जारी भएको प्रवेश पत्र संगै आफ्नो नागरिकता वा नेपाल सरकारबाट जारी भएको फोटो समेतको कुनै **परिचयपत्र अनिवार्य** रुपमा लिई आउनु पर्नेछ ।

७. आयोगबाट जारी भएको **संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७** (तेस्रो संशोधन) को पालना गरी परीक्षा सञ्चालन गरिनेछ ।

**तृतीय पत्रको पेशागत व्यावहारिक परीक्षण सम्बन्धी विषयको परीक्षा देहाय बमोजिम सञ्चालन हुनेछ ।**

| | |
|---|---|
| १ | **तृतीय पत्रको पेशागत सैद्धान्तिक ज्ञान (२ घण्टा १५ मिनेट) को परीक्षा समाप्ति पश्चात उक्त परीक्षाको उत्तर पुस्तिका बुझाई परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछ । सोही वखतमा पेशागत व्यवहारिक परीक्षणको उत्तरपुस्तिका वितरण हुनेछ, उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ ।** |
| २ | **परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिन्ने लगायतका कार्य गर्न गराउन पाइने छैन ।** |
| ३ | **पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत प्रहरी निरीक्षक पदको लागि Situational Travel Time, Incident Report writing र Simulation or Work sample विषयको परीक्षण गरिने छ ।** |
| ४ | **उत्तर पुस्तिकामा उल्लेख गरिएको स्थानमा बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुनै प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।** |
| ५ | **परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा फिर्ता बुझाउनु पर्नेछ ।** |

**राजु सत्याल**
**शाखा अधिकृत**

**युवराज पोखरेल**
**उप सचिव**

**मितिः- २०८०/१०/२५ गते ।**

नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
नक्साल

**नेपाल प्रहरी प्रधान कार्यालय**
मानवश्रोत विकास विभाग
वृत्ति विकास महाशाखा
भर्ना छनौट शाखा
नक्साल, काठमाडौं ।
०१-४४१४९०६